

# हाम्रो अधिकार : हाम्रो कर्तव्य

- हामी १८ वर्ष पुग्न अझै ५ महिना छ । हामीलाई बालबालिका नै भन्दा हुन्छ ।
- हामी बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक तथा नैतिक विकासका लागि चाहिने न्यूनतम आवश्यकताहरू जस्तै पोषिलो खाना, औषधि उपचार, माया स्नेह, संरक्षण, शिक्षाको सुनिश्चितता नै बालअधिकार हो ।
- हामी बालबालिकाको बचाउको अधिकार (औषधि, खोप इत्यादि), विकासको अधिकार (शिक्षा, खेलकुद र मनोरञ्जन),संरक्षणको अधिकार (दुर्व्यवहार र शोषणबाट) र सहभागिताको अधिकार (बाल क्लब खोल्न पाउने, विचार राख्न पाउने) अधिकार मुख्य छन् ।
- जुनसुकै जातजाति, लिङ्ग, समुदाय, राष्ट्रियता, आर्थिक वा शारीरिक अवस्थाको भए पनि सबै बालबालिकाका लागि समान रूपमा यी अधिकारहरू प्राप्त हुन्छन् ।

## हाम्रा अधिकारसँगै कर्तव्य पनि हुन्छन्

| हाम्रो अधिकार | हाम्रो कर्तव्य |
|---|---|
| हामीले आफ्नो मनमा लागेका कुरा भन्न पाउनु र त्यो कुरा अरूले सुनिदिनु हाम्रो अधिकार हो । | तर अरूले भनेको कुरा ध्यान दिएर सुन्नु र अरूको बिचार बुझ्नु हाम्रो जिम्मेवारी पनि हो । अनि हाम्रो कुरा र भावनाहरूलाई बुझिदिनु अरू सबैको दायित्व हो । |
| बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा पाउनु हाम्रो अधिकार हो । | तर राम्रोसँग मन दिएर पढ्नु र किताब, कापी, कलम आदिको जतन गर्नु हाम्रो जिम्मेवारी हो । अनि सबै बालबालिकालाई विद्यालय पठाउनु र राम्रोसँग पढाउनु अरू सबैको दायित्व हो । |
| खोप पाउनु, बिरामी हुँदा औषधि उपचार पाउनु हाम्रो अधिकार हो । | तर आफ्नो स्वास्थ्य, सरसफाइमा ध्यान दिनु हाम्रो जिम्मेवारी पनि हो । अनि हामीलाई चाहिने खोप, स्वास्थ्य सेवा दिनु अरू सबैको दायित्व हो । |
| बाबु, आमा, अभिभावकबाट हेरविचार र माया पाउनु हाम्रो अधिकार हो । | तर अरूलाई माया गर्नु, आदर गर्नु, हाम्रो जिम्मेवारी पनि हो । अनि हामीलाई उचित हेरविचार र माया गर्नु अरू सबैको दायित्व हो । |
| दुर्व्यवहार, हेलालगायत यौनदुर्व्यवहार हुनबाट जोगिन पाउनु हाम्रो अधिकार हो । | तर अरूलाई हेला, दुर्व्यवहार नगर्नु हाम्रो जिम्मेवारी पनि हो । अनि हामी बालबालिकालाई हेला, दुर्व्यवहार नगर्नु अरू सबैको दायित्व हो । |
| अपाङ्गता भएका बालबालिकाले विशेष सुविधा पाउनु बालअधिकार हो । | तर अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्नु र भएका सुविधाहरूको सदुपयोग गर्नु हाम्रो जिम्मेवारी पनि हो । अनि अपाङ्गता भएकाहरूलाई विशेष व्यवस्था गरिदिनु सहयोग गर्नु अरू सबैको दायित्व हो । |
| सफा सुग्घर र राम्रो वातावरणमा बस्न पाउनु हाम्रो अधिकार हो । | तर जहाँतहीँ फोहोर नपार्नु र सफाइ कार्यमा सघाउनु हाम्रो जिम्मेवारी पनि हो । अनि हामी रहने ठाउँ सफासुग्घर राख्नु वातावरण जोगाउनु अरू सबैको दायित्व हो । |
| पोसिलो खाना खान पाउनु हाम्रो अधिकार हो । | तर खानेकुरा नफाली खानु, खाने बेला झगडा नगर्नु हाम्रो जिम्मेवारी पनि हो । अनि उचित खानेकुरा दिनु र कसैलाई भोकै नराख्नु अरू सबैको दायित्व हो । |
| खेल्न पाउनु, रमाइलो गर्न पाउनु हाम्रो अधिकार हो । | तर निश्चित समय, अवधि र स्थानमा खेल्नु रमाइलो गर्नु, खेलिसकेपछि मालसामानहरू सही ठाउँमा राख्नु, अरूलाई पनि सहभागी गराउनु हाम्रो जिम्मेवारी पनि हो । अनि हामीलाई खेल, मनोरञ्जन गर्ने सुविधा दिनु अरू सबैको दायित्व हो । |

बालबालिकाहरूले आफ्नो पढ्ने समय बाहेक फुर्सदको समयमा मात्र यो नागपास खेल्दा राम्रो हुन्छ ।

**बालबालिकाविरूद्ध कुनै पनि हिंसा, दुर्व्यवहार भएमा र मनो-सामाजिक समस्या देखापरेमा १६६०-०११०००० वा १०९८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

prepress: times creation

# बेचविखन र ओसारपसारबाट जोगिन स्वरक्षा नागपास



Pub. 44/06 APR.

FUNDED BY COMIC RELIEF

CWISH

anti-slavery
today's fight for tomorrow's freedom

# चुप नलागौं दुर्व्यवहार सहेर ।




# सुरक्षित होऔं सतर्क भएर ॥